# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

## प्रेश विज्ञप्ति

### विश्व लगानीकर्ता सप्ताह सम्बन्धी विविध कार्यक्रम सम्पन्न ।

नेपाल धितोपत्र बोर्ड सन् २०१६ जुलाईमा धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को एशोसिएट सदस्य भएपश्चात् उक्त संस्थाले आयोजना गरेका विभिन्न कार्यक्रमहरुमा बोर्डको सहभागीता रहँदै आएको छ । सन् २०१७ देखि उक्त संस्थाले आव्हान गरेको विश्व लगानीकर्ता सप्ताह उक्त संस्थाबाट यसवर्ष अक्टोवर ५-११, २०२० (२०७७ आश्विन १९-२५) सम्म आयोजना गर्न आह्वान गरे अनुरुप बोर्डले २०७७ आश्विन २१ देखि २५ सम्म लगानीकर्ता सशक्तिकरण सम्बन्धी देहाय अनुरुप विविध कार्यक्रम सञ्चालन गरेको थियो ।

**सप्ताहको पहिलो दिन मिति २०७७ आश्विन २१, बुधबार,** पहिलो कार्यक्रमको रुपमा धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी जानकारी तथा सचेतनामूलक विषेश रेडियो कार्यक्रम रेडियो नेपालबाट विहान ७:२५ देखि ७:५५ सम्म प्रसारण गरिएको थियो । उक्त कार्यक्रमबाट देशभर रहेका सर्वसाधारण लगानीकर्ताहरु लाभान्वित भएको बोर्डको अनुमान रहेको छ । उक्त कार्यक्रममा धितोपत्र बजारमा लगानी गर्दा सचेत भई सुसूचित निर्णयका आधारमा गर्नुपर्ने सम्बन्धमा बोर्डका उपकार्यकारी निर्देशक तथा विज्ञको धारणाका साथै कार्यक्रममा लगानीकर्ताबाट उठान भएका प्रश्न तथा जिज्ञासाहरुको सम्बोधन समेत गरिएको थियो ।

**दोस्रो कार्यक्रमको रुपमा २०७७ आश्विन २२, विहीबार, अपरान्ह ३:००-५:३०** दोस्रो कार्यक्रमको रुपमा अर्न्तक्रिया कार्यक्रम आयोजना गरिएको थियो । बोर्डले धितोपत्र निष्काशनमा स्वतन्त्र मूल्य निर्धारण (Free Pricing) का लागि बुक विल्डिङ्ग पद्दतिबाट सार्वजनिक निष्काशन गर्न सक्ने गरी निर्देशिका जारी गरेको पृष्ठभूमिमा आयोजना गरिएको छलफल तथा अर्न्तक्रिया कार्यक्रममा उद्योग बिभागका महानिर्देशकज्यू, कम्पनी रजिष्ट्रारज्यू, नेपाल उद्योग परिसंघको अध्यक्ष, वास्तविक क्षेत्रका कम्पनीका उच्च व्यवस्थापन, बोर्डका सदस्यज्यूहरु, लगानीकर्ता आवद्ध बिभिन्न संघ संगठनका अध्यक्षहरुको सहभागीता रहेको थियो । वास्तविक क्षेत्रका कम्पनीहरुलाई पुँजी बजारबाट पुँजी परिचालन गर्न अभिप्रेरित गर्ने र धितोपत्र निष्काशनमा स्वतन्त्र मूल्य निर्धारणका सम्बन्धमा संभाव्य निष्काशनकर्ता कम्पनीहरु तथा लगानीकर्ताहरुमा रहेको द्विविधा अन्त्य गर्न वाह्य विज्ञ तथा बोर्डका पदाधिकारीबाट प्रस्तुतीकरण गर्नुका साथै प्रस्तुतीकरणमा आएका विषयवस्तुहरुमा विस्तृत छलफल तथा अर्न्तक्रिया भएको थियो । उक्त कार्यक्रममा वास्तविक क्षेत्रका करिव ५० कम्पनीहरुको सहभागीता रहेको थियो ।

**तेस्रो कार्यक्रमको रुपमा मिति २०७७ आश्विन २३, शुक्रबार, अपरान्ह १:३०-५:३०** लगानीकर्ता प्रशिक्षण तथा सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम लगानीकर्ताको अधिकार, सुसूचित लगानी सम्बन्धी निर्णयका लागि आवश्यक ज्ञान तथा जानकारी, अनलाईन ट्रेडिङ्गको उपयोगिता र प्रयोग, आस्वा, सिआस्वा, मेरा सेयरको  उपयोगिता, क्रेडिट रेटिङ्गको महत्व तथा उपयोगिता लगायतका धितोपत्र बजार सम्बन्धी विषयवस्तुहरुमा केन्द्रित रहेको थियो । नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. र इक्रा नेपालको तर्फबाट लगानीकर्तालाई लगानी सम्बन्धी प्रशिक्षण तथा सचेतना प्रदान गरिएको थियो । उक्त कार्यक्रममा बजार विज्ञ र लगानीकर्ताहरु आवद्ध पाँचवटा लगानीकर्ता संघ संगठका प्रतिनिधिले बोर्डले आयोजना गरेको कार्यक्रम आम लगानीकर्ताहरु ज्यादै उपयोगी भएको धारणा व्यक्त गर्दै लगानीकर्ताको हैसियले आफ्नो ज्ञान तथा अनुभव आदान प्रदान गर्नुभएको

Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np

थियो । उक्त कार्यक्रममा zoom मार्फत् प्रत्यक्ष तथा सामाजिक संजाल (फेसवुक) मार्फत् देश तथा विदेशबाट ठूलो संख्यामा  सर्वसाधारण लगानीकर्ताहरु सहभागी भएका थिए ।

सोही दिन बोर्डले दुईवटा महत्वपूर्ण कार्य समेत सम्पन्न गरेको छ । धितोपत्र बजार सम्बन्धमा चासो राख्ने सर्वसाधारण र स्कूल तथा कलेजका विद्यार्थीहरुलाई लक्षित गरी प्रकाशन गरेको धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी लगानीकर्ता हाते पुस्तक, २०२० को बोर्डका अध्यक्ष श्री भिष्मराज ढुङ्गानाज्यूबाट विमोचन गरिएको छ । साथै उक्त दिन धितोपत्र बजार सहभागीहरुले बोर्डमा पेश गर्नुपर्ने वित्तीय तथा अन्य विवरण विद्युतीय माध्यममार्फत पेश गर्न र लगानीकर्ताले सूचिकृत कम्पनी सम्बन्धी विवरण प्राप्त गर्न सक्ने प्रणाली Electronic Reporting and Retrieval System-ERRS को अनावरण बोर्डका अध्यक्ष श्री भिष्म राज ढुङ्गानाबाट भएको थियो ।  यस व्यवस्थाबाट धितोपत्र बजार यान्त्रीकीकरण र प्रविधिमैत्री हुदै जानेछ ।

**चौथौ कार्यक्रमको रुपमा (मिति २०७७ आश्विन २४, शनीबार)** लगानीकर्ताले लगानी गर्दा ध्यान दिनुपर्ने पक्षहरु तथा लगानी गर्ने सम्बन्धमा सचेतनामूलक जानकारी (Tips for making informed investment decision) गोरखापत्र रष्ट्रिय दैनिक र नयाँ पत्रिका दैनिकमा प्रकाशन गरिएको थियो । देश भर वितरण हुने उक्त पत्रिकाहरुको माध्यमबाट ठूलो संख्यामा सर्वसाधारण लगानीकर्ता सुसूचित भएको बोर्डले अपेक्षा गरेको छ ।

**पांचौं कार्यक्रमको रुपमा (मिति २०७७ आश्विन २५, आइतबार, अपरान्ह ३:३०-३:४५) :** लगानीकर्तालाई सवलीकरण गर्ने र तिनको हकहितको संरक्षण गर्ने सम्बन्धमा नेपाल धितोपत्र बोर्डको भूमिका सम्बन्धी एक वृत्तचित्र नेपाल टेलिभिजनबाट प्रशारण भएको छ । यस वृत्तचित्रमार्फत बोर्डले गरिरहेको काम तथा भावि योजनाको बारेमा सर्वसाधारण लगानीकर्तालाई जानकारी हुन गै धितोपत्र बजार तथा वस्तुविनिमय बजारका सम्बन्धमा सचेतना अभिवृद्धि गर्न मद्दत पुगेको बोर्डले अपेक्षा गर्दछ ।

समग्रमा विश्व लगानीकर्ता सप्ताह २०२० अन्तर्गत धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा लगानी गर्दा सचेत भई सुसूचित निर्णयका आधारमा लगानी गर्न आम लगानीकर्ताहरुलाई अभिप्रेरित गर्न सञ्चालित कार्यक्रमहरुबाट बोर्डले धितोपत्र बजार थप स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी र प्रविधिमैत्री हुने अपेक्षा गरेको छ ।

(निरज गिरी)

प्रवक्ता

मिति:२०७७०६।२७